लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(100 % Subsidiary of Laxmi Bank Limited)
Reg. No: 1140/065/066

New Baneshwor, Kathmandu, Nepal
PO Box 8449
T 977-1-4780222, 977-1-4781582
F 977-1-4780583
E info@laxmicapital.com.np
W www.laxmicapital.com.np

**Reference No :** 242 (1)
**2078/079**

## लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको तेह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०७८ साल आश्विन ०१ गते शुक्रबार बसेको कम्पनीको उनान्साठी औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको तेह्रौ वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

**मिति:** २०७८ साल आश्विन महिना २४ गते (अक्टोबर १०, २०२१)

**स्थान:** लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ ।

**समय:** दिनको ठिक ११:०० बजे ।

**छलफलका बिषयहरु:**

**(क) सामान्य प्रस्ताव**

(१) तेह्रौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी स्विकृत गर्ने ।
(३) आ.व. २०७८/०७९ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) सञ्चालक समितिले पारीत गरे अनुसार आ.व. २०७७/०७८ को संचित मुनाफाबाट शेयरधनीहरुलाई कर सहित रु. ४,०५,००,०००/- (अक्षेरुपी रु. चार करोड पाच लाख मात्र) बराबरको नगद लाभांश पारित गर्ने ।
(५) प्रचलित कानून बमोजिम संचालक सदस्यहरुको नियुक्ती सम्बन्धमा ।

**(ख) बिशेष प्रस्ताव**

(१) आ.व. २०७७/०७८ मा कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरिएको अनुदान / दान रकम रु. २,००,०००/- (अक्षेरुपी दुई लाख मात्र) पारित गर्ने ।

**(ग) विविध ।**

Sandeep
**आधिकारीक दस्तखत**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

(१) लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ ।
(२) सभामा भाग लिने शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थित पुस्तिकामा हस्ताक्षर गर्नुपर्नेछ ।
(३) अन्य जानकारकि लागि कम्पनीको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।
(४) साधारण सभा सम्बन्धी विस्तृत विवरण कम्पनीको web site: www.laxmicapital.com.np मा पनि उपलब्ध छ ।